नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७६/७७
चलानी न.: ६०२

मितिः२०७७।०३।३०

विषयः कार्यक्रम संचालन सम्बन्धमा ।

श्री स्थानीय तह (कार्यक्रम लागु भएका स्थानीय तह सबै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.४३५ मिति २०७७/०३/३० को पत्रसाथ प्राप्त समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, हरिहरभवनको च.न.१३० मिति २०७७/०३/२८ र च.न.१३२ मिति २०७७/०३/२८ को पत्रहरु यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी सोहि अनुसार कार्यक्रम संचालन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

३।३०
चिरन्जीबी नेपाल
शाखा अधिकृत

बोधार्थ :
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा : website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौ
नेपाल

पत्र संख्या : २०७६/७७, योजना/ वि.का.शा
च.नं. : ४३५

मिति :२०७७।३।३०

विषय : आ.व.२०७६/७७ को कार्यक्रम प्रगति तथा खर्चको फाटवारी एव आ.व.२०७७/७८ को स्वीकृत कार्यक्रम एव खर्च गर्ने सम्वन्धमा ।

श्री सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

यस मन्त्रालय मातहत समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाको स्थानीय तहहरुका लागि आ.व.२०७७/७८ को स्वीकृत कार्यक्रम कार्यान्वयन एवम् खर्च गर्ने सम्वन्धी च.नं.१३० र आ.व.२०७६/७७ को कार्यक्रम प्रगति तथा खर्चको फाँटवारी पठाउने च.नं.१३२ को पत्रह यसै साथ सलग्न छ । उक्त पत्रानुसार सो आयोजना लागू भएका स्थानीय तहहरुमा सो को जानकारी एव कार्यान्वयनको तहाँबाट आवश्यक पत्राचार गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

(डा.राजेन्द्र प्रसाद मिश्र)
सह-सचिव

**बोधार्थः-**
श्री समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना
हरिहरभवन

"सक्षम निजामती प्रशासन, विकास समृद्धि र सुशासन"

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np

नेपाल सरकार

कृषि तथा पशु पन्छी विकास मन्त्रालय

कृषि विभाग

# समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना

हरिहरभवन, ललितपुर

फोन नं. :- ५५२३६०२

पत्र संख्याः- ०७७।७८

चलानी नम्बरः- ९३०

मिति : २०७७/०३/२८

विषय :- आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम कार्यान्वयन एवम खर्च गर्ने सम्वन्धमा।

श्री स्थानीय तह (कार्यक्रम लागु भएका स्थानीय तह सबै )

प्रस्तुत सन्दर्भमा, समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना-अतिरिक्त सहयोग (Community Managed Irrigated Agriculture Sector Project-Additional Financing) आयोजना नेपाल सरकार र एशियाली बिकास बैंकको आर्थिक सहयोगमा संचालित आयोजना एवम सिंचाइ बिभाग र कृषि बिभाग आयोजना कार्यान्वयन गर्ने निकायहरु भएको ब्यहोरा तहाँ अवगत नै छ । यसै सन्दर्भमा आगामी आ.व. २०७७/७८ मा कृषि विकास कार्यक्रम संचालन गर्नका लागि यस आयोजनाबाट कार्यक्रम बनाइ शसर्त अनुदानको रुपमा बाडँफाडँ गरी अर्थ मन्त्रालयको LMBIS मार्फत तहाँ प्राप्त भएकै होला ।अतः उक्त अनुदान रकम तल उल्लेखित शर्त पालना गरि कार्यान्वयन एवम खर्च गर्नु / गराउनु हुन हार्दिक अनुरोध गर्दछु ।

शसर्त अनुदान कार्यान्वयनका शर्तहरु

१. LMBIS Entry कृषि विकास कार्यक्रम सिंचाइ कार्यालय बाट निर्मित / निर्माणाधिन सिचाइ उपआयोजनामा संचालन गर्नु पर्ने हुदाँ तोकिएको सिचाइ उपआयोजनाको प्रभाव क्षेत्रमा संचालन गर्नु पर्नेछ ।
२. तोकिएको सिंचाइ उपआयोजनाको प्रभाव क्षेत्र दुइ नगरपालिका / गाउँपालिकामा पर्ने भएमा दुवै नगरपालिका / गाउँपालिकाको समन्वय तथा सहकार्यमा कृषि विकास कार्यक्रम संचालन गर्नु पर्नेछ ।
३. तहा प्राप्त भएको LMBIS Entry कृषि विकास कार्यक्रमका कार्यक्रम/क्रियाकलाप मात्र संचालन गर्नु पर्नेछ । कार्यक्रम/क्रियाकलाप शंसोधन गरि संचालन गर्न पाइनेछैन। कार्यक्रम/क्रियाकलाप शंसोधन नगरिनहुने भएमा यस आयोजनाको पुर्व स्विकृती लिनु पर्नेछ ।
४. दातृ निकाय (ADB) संग सोध भर्ना माग गर्नु पर्ने भएको हुँदा चौमासिक / बार्षिक अवधि अनुसारका कार्यक्रम/क्रियाकलाप संचालन गरि सकेपछि चौमासिक / बार्षिक अवधि समाप्त हुँदासाथ कार्यक्रम प्रगति तथा खर्चको बिवरण (Statement of Expenditure) यस आयोजनामा पठाउनु पर्नेछ ।
५. अन्य जानकारीको लागि यस आयोजनाको Website (cmiasp.agri.gov.np), Email (cmiasp.piu@gmail.com) तथा फोनमा ( 01-5523602/01-5524914/01-5010027) सम्पर्क गर्न सकिनेछ ।

३।२८